# जयपृथ्वी नगरपालिका
# चैनपुर,बझाङ

नगरसभाको १८ औं अधिवेशनमा प्रस्तुत भएको
बजेट बक्तव्य

# <u>सम्बोधन</u>

सभाका सभाध्यक्ष ज्यू

यस नगरपालिका नगरसभाको १८ औं अधिवेशनमा आर्थिक वर्ष २०८३।८४ को बार्षिक बजेट तथा कार्यक्रम सार्वजनिक गर्न पाउँदा म निकै हर्षित भएको छु ।

यस नगरपालिकाको समृद्धि र समग्र विकासको लागि नगरपालिकाको बजेट योजना तथा कार्यक्रम मार्फत समृद्ध र विकसित नगरपालिका निर्माण गर्ने कार्यमा महत्वपूर्ण भूमिका निर्वाह गर्न पाउँदा गर्वको महसुस गरेको छु ।

सर्वप्रथम राष्ट्रहित लोकतन्त्र र समाजको अग्रगामी रूपान्तरणका लागि भएका ऐतिहासिक जनजान्दोलन, सशस्त्र संघर्ष (जनयुद्ध) मा गरेको त्याग र बलिदानको गौरवपूर्ण इतिहासलाई स्मरण गर्दै, अधिकार प्राप्तिका लागि भएका विभिन्न जनआन्दोलन र संघर्षका क्रममा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात शहीदहरू प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु। साथै विभिन्न आन्दोलनका क्रममा घाइते तथा बेपत्ता र पीडित नागरिकाहरू प्रति उच्च सम्मान प्रकट गर्दै राष्ट्र निर्माणमा योगदान पुयाउने सम्पूर्ण देशभक्त नागरिकहरूप्रति हार्दिक कृतज्ञता व्यक्त गर्न चाहन्छु ।

बजेट तथा कार्यक्रमहरू प्रस्तुत गर्दै गर्दा नगरपालिका भित्र नगरपालिका बाहिर र विदेशमा रहनुभएका नगरवासी एवं सबै शुभ चिन्तकहरूले जयपृथ्वी नगरपालिकाको विकासको लागि देखाउनु भएको चिन्ता, चासो र तत्परतालाई उच्च सम्मान प्रकट गर्दछु। यो बजेट निर्माण गर्दा नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, संघीय तथा प्रदेश कानूनहरू नगरपालिकाले तयार गरेका ऐन नियम, कार्यविधिहरू, नगरपालिकाले लिएका लक्ष्यहरू, विषयगत समितिका सुझाव, विकासका समसामयिक मुद्धाहरू र विज्ञहरूका सुझाव, परामर्श र सर्वपक्षीय सर्वदलीय अन्तरक्रिया समेतलाई ध्यानमा राखेको छु ।

**सभाअध्यक्ष महोदय**

अव म आर्थिक वर्ष २०८३।०८४ को बजेटका उद्धेश्य तथा प्राथमिकताका क्षेत्रहरु प्रस्तुत गर्न चाहन्छु।

आर्थिक वर्ष २०८३।८४ का बजेट तथा कार्यक्रमका उद्देश्यहरू यस प्रकार रहेका छन् ।

क) शिक्षा, कृषि, पर्यटन र पूर्वाधारः जयपृथ्वी नगरपालिकाको समृद्धिको आधार भन्ने नारालाई निरन्तरता दिदै सन्तुलित रुपमा वडागत विकास गर्ने र उच्च दरमा स्थानीय अर्थिक वृद्धि हासिल गर्दै समृद्ध जयपृथ्वी, सुखि जयपृथ्वीवासी भन्ने दीर्घकालिन सोचको दिशामा अघिबढ्नु ।

ख) नागरिकको मौलिक हक र अधिकारको रुपमा रहेका आवश्यकताहरु सिघ्र परिपुर्ति गर्दै जयपृथ्वी वासीहरुको जीवन स्तरमा गुणात्मक सुधार गर्नु ।

ग) उपलव्ध स्रोत साधन, अवसर र क्षमताको उच्चतम उपयोग तथा न्यायिक वितरण गर्दै सामाजिक न्याय सहितको आर्थिक विकास गर्ने ।

घ) दिगो विकासका लक्ष्यहरुलाई पछ्याउदै दिगो शान्ती, शुसासन युक्त, विकसित र समृद्ध नगरपालिका निर्माणको लागि आधारशिला तयार गर्नु ।

ङ) नगरपालिकाको जनजीविका र विकासका लागि अत्यावश्यक रहेका भौतिक पूर्वाधार निर्माण गर्नु।

च) उत्पादनमूलक तथा शीघ्र प्रतिफल दिने आयोजना तथा कार्यक्रमहरू कार्यान्वयन गर्नु ।

छ) छिटो, छरितो र प्रभावकारी रूपमा सेवा प्रवाह गर्नु,

ज) सेवा प्रवाह, संस्थागत क्षमता विकास, पारदर्शिता र सुशासन अभिवृद्धि गर्नु

झ) स्थानीय स्रोत साधनलाई प्राथमिकता दिई जनसहभागिता वृद्धि गर्नु

ञ) परम्परागत धर्म, संस्कृति, चाडपर्व, मेला आदिको माध्यमवाट पर्यटन प्रवर्द्धन गर्नु

ट) वातावरण संरक्षण, विपद्व्यवस्थापनमा र दिगो विकासमा टेवा पुऱ्याउनु,

ठ) नगरपालिकाको राजस्व संकलनमा वृद्धि गर्नु,

ड) जनताको जीवनस्तर स्थानीय क्षेत्रमा रोजगारी र आम्दानी वृद्धि गर्नु,

ड) विकास गतिविधिमा स्थानीय सहभागिता जुटाउनु,

ण) महिला बालवालिका तथा पिछडिएका क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुऱ्याउनु ।

त) लैंगिक समानता र सामाजिक समावेशीकरण अभिवृद्धि गर्नु

थ) भाषिक तथा सांस्कृतिक पक्षको जगेर्ना र सामाजिक सदभाव तथा एकता कायम राख्न सघाउ पुऱ्याउनु।

सभाध्यक्ष महोदय

म नगरपालिकाको बजेट प्रणालीमा देखिएका मुख्य चुनौती प्रस्तुत गर्न चाहन्छु ।

- संघीय सरकार तथा प्रदेश सरकारको राजस्व सङ्कलनमा आएको न्यूनता र स्थानीय सरकारको सीमित आर्थिक क्षेत्राधिकार, न्यून राजस्व परिचालन क्षमता र संघीय तथा प्रदेश सरकार अनुदानमा निर्भरताका कारण नगरपालिकाको स्रोतमा कमी हुँदा नगरपालिकाको समग्र स्रोत व्यवस्थापन र सन्तुलनलाई व्यवस्थापन गर्ने ।
- संघीय सरकारवाट प्रदान गर्दै आएको समानिकरण बजेट हरेक वर्ष घट्दै जानु र सशर्त अनुदान क्रमश: वढ्दै जानु
- पालिका तथा वडागत योजना तथा कार्यक्रमहरुको पूर्वतयारी र प्राथमिकीकरण, विनियोजन, कुशलता, आयोजना कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कन गर्दा व्यवस्थित, सन्तुलित र समन्यायिक बनाउने
- पालिका गौरवका र रणनीतिक महत्त्वका आयोजना घोषणा, स्थानीय आर्थिक स्थितिमा सुधार ल्याउने खालका कार्यक्रम तर्जुमा गरी स्रोत तथा साधनको परिचालन गरी समग्र स्थितिमा सुधार गर्ने।
- संघ र प्रदेश सरकारबाट नगरपालिकालाई प्राप्त हुने अन्तरसकारी वित्तीय हस्तान्तरणको प्रभावकारी कार्यान्वयन गर्ने
- नगरपालिकाको बजेटमा वास्तबिक जनसहभागिता वृद्धि गरी स्थानीय स्रोतको परिचालन गर्ने ।
- जनचाहना बमोजिम स्रोत साधन व्यवस्थापन तथा परिचालन गर्न नसक्नु ।

**आदरणीय सभाध्यक्ष महोदय,**

अब म आर्थिक वर्ष २०८३।८४ का बजेटका प्राथमिकताका क्षेत्रहरू प्रस्तुत गर्न अनुमति चाहन्छु ।

- सामाजिक विकास क्षेत्र,
- भौतिक पूर्वाधार विकास क्षेत्र,
- संस्थागत विकास, वित्तीय व्यवस्था र सुशासन क्षेत्र,
- आर्थिक विकास क्षेत्र,
- वातावरण संरक्षण तथा विपद् व्यवस्थापन क्षेत्र,

सभाध्यक्ष ज्यू,

अब आगामी आर्थिक वर्षको बजेटको प्राथमिकताहरू प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

- जनताको जीवनस्तर उकास्ने, स्थानीय क्षेत्रमा रोजगारी हुने र आम्दानी बढ्ने,
- स्थानीय आर्थिक विकासमा टेवा पुग्ने,
- उत्पादनमूलक तथा शीघ्र प्रतिफल दिने,
- पालिकाको शैक्षिक गुणस्तरमा सुधार हुने,
- नागरिकहरूको आधारभूत स्वास्थ्य सेवामा पहुँच वृद्धि हुने,
- स्वच्छ खानेपानी र सरसफाईको सुविधामा पहुँच पुर्‍याउने,
- पालिकावासीलाई दिगो तथा भरपर्दो ऊर्जा तथा विद्युत् सेवामा पहुँच पुऱ्याउने,
- जनजीविका र विकासका लागि अत्यावश्यक रहेका भौतिक पूर्वाधार,
- स्थानीय स्रोत साधनलाई प्राथमिकता दिने र जनसहभागिता वृद्धि हुने
- परम्परागत धर्म, सस्कृति, चाडपर्व, मेला आदिको माध्यमबाट पर्यटन प्रवर्द्धन हुने,
- वातावरण संरक्षण, विपद् व्यवस्थापन र दिगो विकासमा टेवा पुऱ्याउने,
- नगरपालिकाको राजस्व सङ्कलनमा वृद्धि हुने,
- स्थानीय सहभागिता जुट्ने, स्वयम् सेवा परिचालन गर्न सकिने तथा लागत कम लाग्ने,
- महिला बालबालिका तथा पिछडिएका क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने
- भाषिक तथा सांस्कृतिक पक्षको जगेर्ना र सामाजिक सद्भाव तथा एकता कायम राख्न सघाउ पुऱ्याउने।
- छिटो छरितो र प्रभावकारी रूपमा सेवा प्रवाह हुने,
- सेवा प्रवाह, संस्थागत क्षमता विकास, पारदर्शिता र सुशासन अभिवृद्धि हुने,

**अध्यक्ष महोदय,**

**<u>अब म चालु आर्थिक वर्षको यथार्थ आयव्यय विवरण प्रस्तुत गर्न चाहन्छु।</u>**

चालु आर्थिक वर्ष २०८२।०८३ मा राजश्व बाँडफाड तर्फ संघ र प्रदेशबाट रु ९ करोड ८६ लाख ८५ हजार १ सय ६९ स्वीकृत भएकोमा जेष्ठ मसान्त सम्म रु ८ करोड ४२ लाख ११ हजार १ सय २४ प्राप्त भइ ७ करोड ८४ लाख ६३ हजार ३ सय ३६ खर्च भएको छ । शशर्त अनुदान तर्फ संघ र प्रदेशबाट रु २८ करोड ९० लाख ८० हजार स्वीकृत भएकोमा जेष्ठ मसान्त सम्म रु २८ करोड ९० लाख ८० हजार प्राप्त भइ रु.२४ करोड ७ लाख २० हजार २ सय ५३ रुपैया खर्च भई ८३.२७ प्रतिशत प्रगति भएको छ । समानिकरण अनुदान तर्फ संघ र प्रदेशबाट रु १३ करोड ४८ लाख ८० हजार स्वीकृत भएकोमा जेठ मसान्त सम्म रु १२ करोड ३३ लाख ४७ हजार ७ सय ६० प्राप्त भइ रु ६ करोड ४७ लाख ४८ हजार ५ सय ५० खर्च भई ५२.५० प्रतिशत प्रगति भएको छ । विशेष अनुदान संघ तर्फ रु ६४ लाख स्वीकृत गरिएकोमा जेठ मसान्त सम्म रु ६४ लाख प्राप्त भई ५६ लाख ६१ हजार ८ सय १६ रकम खर्च भएको छ । विशेष अनुदान प्रदेश तर्फ रु ७५ लाख स्वीकृत भएकोमा ४६ लाख ९० हजार २ सय ९१ प्राप्त भइ ८६ लाख ८४ हजार ७ सय ९१ खर्च भई ६२.२४ प्रतिशत प्रगति भएको छ । त्यसै गरी समपुरक अनुदान संघबाट रु ८० लाख स्वीकृत भएकोमा चैनपुर सडक विस्तारको ठेक्का सम्झौता भई निर्माण निर्माण प्रकृया अगाडी वढेकोले निकासा माग गरिएको छ । समपुरक अनुदान प्रदेशबाट रु १ करोड ३० लाख विनियोजन भएकोमा रु ९ लाख ४१ हजार ३ सय ५७ प्राप्त भई ९ लाख ४१ हजार ३ स ५७ खर्च भइ ७.२४ प्रतिशत प्रगति भएको छ । प्रदेश सरकार शसर्त अनुदान चालु र पुजिगत तर्फ रु ९८ लाख प्राप्त भएकोमा रु ४३ हजार ३ सय ९२ मात्र खर्च भएको छ । आन्तरिक श्रोत तर्फ अल्या सहित रु २ करोड ६४ लाख ६१ हजार २ सय ८८ स्वीकृत भएकोमा १ करोड ४२ लाख ७१ हजार खर्च भएको छ । आन्तरिक राजश्व रु १ करोड १९ लाख ९० हजार प्रस्तावित गरिएकोमा असार ७ गते सम्म रु ७५ लाख ६८ हजार ९ सय ४६ संकलन भइ ६३.०९ प्रतिशत लक्ष्य हासिल भएको छ ।समग्रमा कुल बजेट ५९ करोड ४४ लाख ८६ हजार ४ सय ५७ रुपैया स्वीकृत भएकोमा रु. ५३ करोड ४४ लाख ३७ हजार ९ सय २४ रुपैया प्राप्त भई रु. ३९ करोड ८९ लाख ७८ हजार २ सय ७५ रुपैया खर्च भई ६७.११ प्रतिशत प्रगति भएको छ ।जसमा चालु खर्च ८२.०२ प्रतिशत र पुजिगत खर्च २२.२३ प्रतिशत भएको छ। यसै गरी सामाजिक सुरक्षा तर्फ तेस्रो त्रैमासिक सम्म रु ७ करोड ५४ लाख ८८ हजार ३ सय ७ रुपैया EFT मार्फत लाभग्राहीको खातामा भुक्तानी भइसकेको छ ।सत्यवादी माध्यमिक विद्यालयको प्रशासकीय र छात्रावास भवन निर्माणका लागि नगरपालिका र दातृ निकाय (भारतीय राजदुतावास) को साझेदारीमा रु ९ करोड ३३ लाखको सम्झौता भइ निर्माणकार्य भइरहेको छ ।

**अध्यक्ष महोदय,**

अब म आर्थिक बर्ष ०८२।०८३ मा लिईएका नीति तथा कार्यक्रम हालसम्मको कार्यान्वयनको अवस्था यहाँहरु समक्ष पेश गर्न चाहन्छू ।

क) आर्थिक विकास तर्फ

कृषि तर्फ

- नयाँ आलुवाली पकेट विकास वडा नं ३ र ११ मा कार्यक्रम सञ्चालन गरिएको छ ।
- कृषक हरुलाई उन्नत विउ विजन वितरण गरिएको छ ।
- कृषकहरुलाइ १३५ मेट्रिकटन रासायनिक मल, १७ मेट्रिकटन गहुँको बिउ उन्नत बिउ ५०% अनुदानमा वितरण गरिएको ।
- नगदे वाली विकास कार्यक्रम अन्तर्गत अनुदानमा १५०० पाकेट च्याउको विउ वितरण गरिएको ।
- कृषि यन्त्रिकरणलाई ५० प्रतिशत अनुदानमा ४६ वटा हाते ट्याक्टर वितरण कार्य सम्पन्न गरिएको।
- ४५ वटा हिलाउने पांग्रा ५० प्रतिशत अनुदानमा वितरण गरिएको ।
- नगदे वाली विकासका लागि १५०० प्याकेट च्याउको बिउ बितरण गरिएको ।
- १४१ जना कृषकलाई आवश्यकता अनुसार धान गहुँ तथा तरकारी बालीमा देखिएको रोगको किराको नियन्त्रणका लागि विषादी तथा सुक्ष्म तत्व वितरण गरिएको ।
- वर्षे फलफूल रोपणको लागि सूचना प्रकासन भइ माग संकलन भैरहेको ।

पशु सेवा तर्फ

- ६३२ कृषकका ५३४० पशुपंक्षीमा मेडिकल उपचार सेवा गरिएको छ ।
- बन्ध्याकरण सेवा १२२ पशुबस्तुमा गरिएको ।
- कृतिम गर्भाधान सेवा ११६ गाईभैसीमा गरिएको छ ।
- आन्तरिक तथा बाहय परजीवी नियन्त्रण सेवा २३०१ पशु बस्तुमा गरेको ।
- गाईनोकोलोजिकल सेवा १८ वटा गाई भैसिमा गरिएको ।
- पौष्टिक आहारका लागी हिउँदे घाँस को विउ वितण १२० जनालाई २२० के जि जै र वर्षिम वितरण गरेको
- रेबिज खोप कार्यक्रम ५५० कुकुर तथा कुकुरले टोकेका पशुहरुमा लगाएको ।
- पि पि आर बिरुद्धको खोप ५८०० भेडा बाखामा लगाईएको ।
- ३००० पशुवस्तुमा खोरेत विरुद्धको खोप लगाईएको ।
- सैनफुल्यु जस्ता माहामारी रोगको नमूना संकलन गरी क्षेत्रीय पशुरोग अन्वेषण प्रयोगशाला तथा केन्द्रिय प्रयोग शाखामा पठाइएको ।
- इपिडिमियोलोजी रिर्पोट कृषि तथा पशुपक्षि मन्त्रालय इपिडिमियोलोजी शाखामा मासिक पठाउने गरेको

लघुउद्यम कार्यक्रम तर्फ

- १२ जना उद्यमीलाई अचार बनाउने तालीम सञ्चालन गरी सम्पन्त गरिएको ।
- ४१ जना उद्यमीहरुलाई १२ दिने सेनेटरी प्याड वनाउने तालीम सञ्चालन गरी प्रविधि हस्तान्तरण गरिएको छ ।

**प्रधानमन्त्री रोजगार कार्यक्रम**

- सुचिकृत ८ जना वेरोजगार ब्यक्तिहरुलाई विभिन्न वडाका श्रममूलक योजनाहरुमा न्यूनतम रोजगारी उपलब्ध गरी जिविकोपार्जन कार्यमा सहजिकरण गरिएको ।
- आगामी आर्थिक बर्षका लागि बेरोजगार आवेदन संकलन तथा EMIS प्रणालिमा प्रविष्ट कार्य सम्पन्न गरिएको ।
- आन्तरिक रोजगारी प्रवर्धनका लागि नगर क्षेत्र भित्रका बैदेशिक रोजगारीबाट फर्केका युवाहरु लक्षित उद्यमशिलता प्रवर्धन कृयाकलाप मार्फत क्षमता विकास कार्य सम्पन्न गरिएको ।
- श्रमको सम्मान राष्ट्रको अभियान अन्तर्गत जनप्रतिनिधि र सरोकारवाला सवैलाई आन्तरिक रोजगार दशक घोषणा कार्यक्रम कार्यान्वयन निति, निर्देशिका तथा कार्यविधि सम्वन्धी अभिमुखिकरण कार्यक्रम सम्पन्न गरिएको ।
- रोजगार सेवालई डिजिटल र सहज पहुचका लागि श्रम संसार प्रणालिको प्रवर्धन कार्य सम्पन्न गरिएको
- सुरक्षित बैदेशिक रोजगारी तथा बैदेशिक रोजगारीमा हुने ठगिको न्यायिक निरुपणका लागि न्यियिक समिति तथा जनप्रतिनिधि अभिमुखिकरण कार्य सम्पन्न गरिएको ।
- सुरक्षित बैदेशिक रोजगारी प्रवर्धन तथा ठगि न्यूनिकरणका लागि जिल्ला प्रशासन कार्यालय र नेपाल प्रहरी विच अन्तर्कृया तथा अभिमुखिकरण कार्यक्रम सम्पन्न भएको छ।
- जिल्ला प्रहरी तथा प्रहरी चौकिका ईन्चार्जहरु संग सुरक्षित बैदेशिक रोजगारी सचेतिकरण तथा ठगि न्यूनिकरण सम्वन्धी अभिमुखिकरण कार्य सम्पन्न गरिएको छ ।
- सुरक्षित बैदेशिक रोजगारीलाई प्रवर्धन तथा बैदेशिक रोजगारीको शिलशिलामा हुने ठगि न्यूनिकरणका लागि समुदाय स्तरमा सचेतना कार्यक्रम सन्चालन गिरएको छ।

**ख) सामाजिक विकास तर्फ**

**शिक्षा**

- कक्षा ६ देखि ८ सम्मको स्थानीय शिक्षक श्रोत सामग्री छपाइ गरी विद्यालयमा वितरण गरिएको।
- प्रविधिमैत्री शिक्षाको लागि माध्यमिक विद्यालयहरूमा स्मार्टबोर्डहरू वितरण गरिएको।
- विद्यालयबाट सञ्चालन गरिने कार्यहरू प्रविधिमैत्री बनाउन आधारभूत तहका विद्यालयहरूमा कम्प्युटर तथा प्रिन्टरहरू वितरण गरिएको।
- फर्निचर अभाव भएका विद्यालयहरू फर्निचर वितरण गरिएको ।
- प्रधानाध्यापकहरूसँग कार्यसम्पादन करार सम्झौता गरी विद्यालय शिक्षा व्यवस्थापन गरिएको।
- कमजोर सिकाइ भएका विद्यार्थीहरूको लागि अतिरिक्त कक्षा सञ्चालन गरी शिक्षण सिकाइ प्रभावकारी तुल्याइएको।
- विद्यालयस्तरीय शैक्षिक गतिविधिहरूलाई त्रैमासिक रूपमा समीक्षा गरिएको।
- विद्यालयस्तरीय अतिरिक्त क्रियाकलाप सञ्चालन गरिएको।

- माध्यमिक तथा आधारभूत विद्यालयहरूमा शिक्षक हाजिरी बढाउन ई-हाजिरी प्रणाली जडान गरी विद्यालय अनुगमन गर्ने प्रणाली सुरूवात गरिएको।
- प्रारम्भिक तहको शिक्षा सुधारको लागि बालसहजकर्ताहरूको क्षमता विकास तालीम सञ्चालन गरिएको।
- १५ वटा विद्यालयहरूका नमुना बालविकास केन्द्रको रूपमा तालीम तथा शैक्षिक सामग्री व्यवस्थापन गरिएको।
- २५ जना बाल सहजकर्ताहरूलाई १ महिने  शिक्षण पेशागत तालीम सञ्चालन गरिएको।
- आधारभूत तह कक्षा १ देखि ५ सम्मका विद्यालयमा कार्यरत शिक्षकहरूको लागि पाठ्यक्रमको प्रयोग तथा विद्यार्थी मूल्याङ्कन प्रणालीको प्रयोग सम्बन्धि तालीम सञ्चालन।
- प्रदेश सरकारको नवप्रवर्द्धन कार्यक्रम अन्तर्गत ३० वटा स्मार्ट बोर्ड खरिद कार्यसञ्चालन गरिएको।
- सामुदायिक विद्यालयका शिक्षकहरूको लागि आधारभूत कम्प्युटर प्रयोग तालीम सञ्चालन।
- सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको लागि स्थानीय उत्पादनमा आधारित दिवा खाजा व्यवस्थापन गरिएको।
- कक्षा ८ देखि १२ सम्मका विद्यार्थीहरूको लागि सचेतनामुलक सडक नाटक  कार्यक्रम सञ्चालन गरिएको।
- नगरपालिकास्तरीय तथा जिल्लास्तरीय राष्ट्रपति रनिङशिल्ड प्रतियोगिता सञ्चालन गरिएको।
- बालबालिकाहरूको खेलप्रतिको अभिरूचि विकासको लागि विद्यालय मार्फत खेलकुद सामग्री वितरण गरिएको।
- माध्यमिक विद्यालयहरूमा सकारात्मक वृत्ति निर्देशन सम्बन्धी अतिरिक्त कक्षा सञ्चालन गरिएको।
- सामुदायिक तथा संस्थागत विद्यालयहरूको कक्षा ४ देखि ९ सम्मको वार्षिक परीक्षा सञ्चालन तथा व्यवस्थापन गरिएको।
- नगरस्तरीय वार्षिक परीक्षामा उत्कृष्ठ नतिजा प्राप्त गर्ने विद्यालयहरूलाई प्रोत्साहन स्वरूप पुरस्कार वितरण।
- विद्यालयहरू वार्षिकरूपमा सम्पादन गरिएको शैक्षिक कार्यक्रमको आधारमा विद्यालय मूल्याङ्कन गरिएको।
- वालविकास आधारभूत विद्यालयमा ICT ल्याब स्थापना गरिएको।
- म्याद समाप्त भएका विद्यालय व्यवस्थापन समितिहरू गठन तथा अभिमूखिकरण कार्यक्रम सञ्चालन।
- संस्थागत विद्यालयका प्रधानाध्यापकहरूलाई जयपृथ्वी नगरपालिकाले निर्माण गरिएका ऐन, कानुन, कार्यविधि तथा निर्देशिका सम्बन्धि अभिमूखिकरण कार्यक्रम सञ्चालन।
- विद्यार्थी न्यून तथा भौगोलिक रूपमा नजिर रहेका विद्यालयहरूलाई समायोजन गरिएको।

**स्वास्थ्य**

- श्रावण महिना - डेंगी सचेतना महिना (डेंगी रोकथाम,नियन्त्रणका लागि सचेतनामुलक कार्यक्रम सञ्चालन गरिएको ।
- जयपृथ्वी ९ लाई घरमा सुत्केरी नहुने वडा घोषणा गरिएको ।
- गौला प्रत्यारोपण गरेका डाईलाईसिस गरेका, डाईलाईसिस गराईरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षघात बिरामीहरुलाई औषधी उपचार खर्च बाफत मासिक ५००० का दरले ३० जना बिरामिलाई उपचार खर्च बितरण गरिएको ।
- नियमित मासिक बुलेटिन प्रकाशन गरिएको ।
- सुत्केरी आमाहरुलाई उत्तर प्रसुति जाँच घरघरमा गरी जाँच सेवा सञ्चालन गरिएको ।
- नियमित खोप, सरसफाई प्रवर्द्धन र शुक्ष्म खोप कार्यक्रमको शुक्ष्मयोजना अध्यावधिक सम्बन्धी अभिमुखिकरण सञ्चालन गरिएको ।
- स्तनपानलाई प्राथमिकता दिऔं, दिगो सहयोग प्रणाली निर्माण गरौं भन्ने नाराका साथ स्तनपान सप्ताह सञ्चालन गरिएको ।
- स्वास्थ्य तर्फ नियमित मासिक/अर्धबार्षिक/बार्षिक समिक्षा बैठक सञ्चालन गरिएको ।
- समुदायमा जेष्ठ नागरिक चेकजाँच तथा उपचार कार्यक्रम सञ्चालन गरिएको ।
- गर्भवती महिलाहरुलाई भिडियो एक्सरे सेवा समुदायमा सञ्चालन गरिएको ।
- संङ्गामक रोगहरुको पुर्व तयारी तथा प्रतिकार्य र ब्यवस्थापन SORMAS अनलाईन रिपोर्टिङ सम्बन्धी अभिमुखिकरण सञ्चालन गरिएको ।
- राष्ट्रिय कार्यक्रम अन्तर्गत ५ बर्ष मुनिका १३२६ जना बालबालिकालाई भिटामिन ए र जुकाको औषधी खुवाईएको ।
- बिमा दर्ता सहयोगीहरुलाई बिमा दर्ता सम्बन्धी अभिमुखिकरण सञ्चालन गरिएको ।
- प्राथमिक उपचार/ विपद पूर्व तयारी र प्रतिकार्यका लागि अभिमुखिकरण कार्यक्रम सञ्चालन गरिएको।
- बिद्यार्थिहरुलाई पहिलो र दोस्रो चरण गरी ६२२५ जनालाई जुकाको औषधी खुवाईएको ।
- किशोरकिशोरी स्वास्थ्य सेवा ७ वटा स्थानमा सञ्चालन गरिएको ।
- स्वास्थ्यजन्य फोहोरमैला ब्यवस्थापन र संङक्रमण रोकथाम सम्बन्धी सरोकारवालाहरुलाई अभिमुखिकरण सञ्चालन गरिएको ।
- २२ औं महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका दिवस बिविध कार्यक्रमका साथ सम्पन्न गरिएको।
- समुदायस्तरमा नसर्ने रोग सम्बन्धी स्क्रिनिङ स्वास्थ्यकर्मीलाई नसर्ने रोग सम्बन्धी अभिमुखिकरण कार्यक्रम सञ्चालन गरिएको ।
- स्वास्थ्य संस्थाहरुमा न्यूनतम सेवा मापदण्ड (HP MSS) मुल्यांकन र समिक्षा सञ्चालन गरिएको ।

- नसर्ने रोगको पहिचानका लागि एक महिने अभियानमा १७५२ जनाको स्वास्थ्य परिक्षण गरिएको ।
- नसर्ने रोगको पूर्व तयारी, मानसिक स्वास्थ्य तथा नसर्ने रोग स्क्रिनिङ अभियान सञ्चालनका लागि सरोकारवालाहरु संग समन्वयात्मक अभिमुखिकरण गरिएको ।
- मानसिक स्वास्थ्य प्रवर्द्धन तथा आत्महत्या रोकथाम सम्बन्धी अभिमुखिकरण गरिएको ।
- पालिका र वडा स्तरीय HPV खोप अभियान सञ्चालन गरिएको बिद्यालयमा HPV खोप सञ्चालन गरिएको।
- क्षयरोग मुक्त पालिका अन्तर्गत क्षयरोगको खोजपडताल कार्यक्रम समुदाय स्तरमा सञ्चालन गरिएको।
- पूर्ण खोप वडा/पालिकाका लागि घरधुरी सर्वेक्षण/पूर्ण खोप वडा/पालिका घोषणा गरिएको ।
- पानीको संङ्क्रमणबाट हुने रोग रोकथाम नियन्त्रणका लागि सचेतनामुलक कार्यक्रम सुबेडामा सञ्चालन गरिएको ।
- किशोरीहरुलाई नियमित आईरन फोलिक एसिड ट्यावलेट खुवाउने कार्यक्रम गरिएको ।
- प्रजनन स्वास्थ्य रूग्णता स्कृनिङ कार्यक्रम सञ्चालन गरी ३४९ जनाले सेवा प्रदान गरिएको ।

**महिला बालवालिका तथा जेष्ठनागरिक तर्फ**

- आर्थिक वर्ष २०८२।८३ मा जम्मा अपाङ्ग परिचय पत्र तर्फ ६ जना क वर्ग २ जना ख वर्ग ५ जना ग वर्ग ० जना घ वर्ग गरी जम्मा १३ जनालाइ अपाङ्ग परिचय पत्र वितरण गरिएको छ ।
- आर्थिक वर्ष २०८२।८३ मा जम्मा २० वटा ज्येष्ठ नागरिक परिचय पत्र वितरण गरिएको छ ।
- एकल महिलाहरुलाइ हाते स्वीटर मोजा टोपी बुनाइ सम्बन्धी तालीम सञ्चालन गरिएको छ ।
- महिलाहरुलाइ आर्थिक सशक्तिकरण कार्यक्रम सीप मूलक तालीम बस्तुगत टेवा (बाख्रा पालन) तालीम सञ्चालन गरिएको छ ।
- लैंगिक हिंसा र हानिकारक प्रचलन न्युनिकरण सम्बन्धी तालीम सञ्चालन गरिएको छ ।
- लैंगिक विभेद र लैंगिक हिंसा रोकथामका लागि महिला पुरुष समविकास तालीम सञ्चालन गरिएको छ ।
- नगरस्तरीय बालसञ्चालन वडा स्तरीय बालक्लबहरुलाइ अभिमुखीकरण कार्यक्रम सञ्चालन गरीएको छ
- किशोरीहरुलाइ जीवन उपयोगी सीप विकास तालीम सञ्चालन गरिएको छ ।
- समुदाय स्तरमा प्रचलित हानिकारक अभ्यास बालविवाह छाउपडी प्रथा लैंगिक हिंसा बिरुद्धको सचेतना कार्यक्रम सञ्चालन गरिएको छ ।
- नगर अपाङ्ग समन्वय समितिको बैठक २ पटक बसेर अपाङ्ग परिचय पत्रलाइ अनुमोदन गरीएको छ ।

**फोहोरमैला व्यवस्थापन**

- नगरपालिका क्षेत्रको फोहोरमैला व्यवस्थापनका लागि ल्यान्डफिलसाइड निर्माण गर्न वडा नं ३, ४ र ५ मा पर्ने थुम्का खालीको तल्लो क्षेत्रको DPR निर्माणको कार्य सम्पन्न भई जग्गा प्राप्तिको अन्तिम चरणमा रहेको ।
- चैनपुर बजार क्षेत्रमा रहेका नाला तथा ढलहरुलाइ पटक पटक सरसफाइ तथा निकासि कार्य गरिएको।
- चैनपुर भोपुर क्षेत्रका नालाहरु सरसफाई गरिएको ।

**सामाजिक सुरक्षा तथा पन्जिकरण तर्फ**

- नगरपालिकाबाट ११ वटै वडाका सामाजिक सुरक्षा प्राप्त गर्ने लाभग्राहीहरुको चौथो त्रैमासिक अबधि सम्मको सामाजिक सुरक्षा भत्ता रकम EFT (विद्युतीय माध्ययम) मार्फत सम्वन्धित लाभग्राहीहरुको खातामा भुक्तानी गरिएको छ ।

**न्यायिक समिति**

- हालसम्म १५ वटा विवाद दर्ता भइ ९ वटा विवादको निरुपण गरिएको, ६ वटा विवाद निरुपणको प्रक्रियामा रहेको छ ।
- सवै वडाहरुमा मेलमिलाप केन्द्र स्थापना भइ सञ्चालनमा रहेका ।
- समुदायस्तरीय न्यायिक अनुशिक्षण सम्पन्न भैसकेको।
- ४८ घण्टे मेलमिलापको तालीमको लागि सूचना प्रकाशित भै कार्यान्वयनको चरणमा रहेको।

**पूर्वाधार विकास**

- आर्थिक बर्ष २०८२।०८३ को जेष्ठ मसान्त सम्म ट्र्याक खोल्ने तथा ग्याबिनकार्य वाँजगाउ कैलाश थामलेख हुदै विनायक सडक ज.न.पा. -१ मा २ कि.मी कच्ची सडक सम्पन्न भएको ।
- सिंचाई तथा खानेपानी आयोजना तर्फ खुड्डीउन सिचाई नहर ज.न.पा.-०३ मा आर.सि.सि. पक्की नहर २.९३ कि.मी.नहर सम्पन्न भएको ।
- नगरपालिका प्रशासकीय भवन तला थप गर्ने कार्यका लागि टेण्डर आह्वान भई सम्झौता भएको र आगामी आ.व. मा सम्पन्न गरी सोही भवनबाट सेवा प्रबाह गर्ने लक्ष्य राखिएको छ ।
- वडा नं. ३ र ८ सम्झौता भई कार्यान्यवनको चरणमा रहेको र आगामी आ.व. मा सम्पन्न गरी सोही भवनबाट सेवा प्रबाह गर्ने लक्ष्य राखिएको छ ।
- जाल्पा देवल खेलमैदान निर्माण कार्य सम्झौता भई कार्यान्वयन चरणमा रहेको र आगामी आ.व.मा सम्पन्न गर्ने लक्ष्य लिएको छ ।
- चैनपुर बजार भित्रका सडक मर्मत तथा स्तरोन्नती कार्य ज.न.पा. १० को सम्झौता भई कार्यान्वयन चरणमा रहेको र आगामी आ.व.मा लक्ष्य लिएको छ ।

- लुयटा आ.वि. डिलबगर ज.न.पा.-०५ को भुई तथाको छत ढलान भई पहिलो तलाको कार्य भईरहेको अवस्थामा छ।

**भवन , पुल, जलश्रोत तथा शहरी विकास**

- भारतीय राजदुतावासको सहयोगमा सत्यवादी मा.वि.भवन निर्माण कार्यको वोलपत्र आह्वान भई निर्माणाधिन अवस्थामा रहेको छ ।
- भुकम्पबाट क्षति भएको घरधुरी सर्भेक्षण (DDA) कार्य भएको । छुट भएका र DDA गर्न बाँकी रहेका घरहरुको घरधुरी सर्वेक्षण गरिनेछ ।

**बन वातावरण तथा विपद ब्यवस्थापन**

- विपद (आगलागी, बाढी, पहिरो, भुकम्प) मा परेका ३३ जना ब्यक्तिहरुलाई राहात तथा पुर्नस्थापनाका लागि आर्थिक सहायता प्रदान गरिएको ।
- बाढी पहिरोबाट अवरुद्ध भएको सडकलाई विभिन्न मितिमा सडक सफाइ गरेर सुचारु गरेको ।
- २०७९ को भुकम्पबाट प्रभावित भएका लाभग्राहीको सम्झौता सम्पन्न भई २७ जनाको पहिलो किस्ता बापतको रकम भुक्तानी रहेको र बाकी रहेका लाभग्राहीहरुको पहिलो किस्ता रकमका लागि राष्ट्रिय विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन प्राधिकरणमा मा माग गरिएको ।
- २०८० सालको भुकम्पबाट प्रभावित भएका ३०२६ जना घरधुरीको विस्तृत क्षति आंकलन सम्पन्न भएको।
- आपतकालिन कार्य सञ्चालन केन्द्र स्थापना भइ सञ्चालनमा रहेको ।
- आगलागी नियन्त्रण र रोकथाम सम्बन्धी कृतिम घटना अभ्यास सञ्चालन गरिएको ।

**सुशासन तथा संस्थागत विकास**

- नगरपालिकाको कार्यालय, ११ वटा वडा कार्यालयहरु, स्वास्थ्य संस्थाहरु र ईन्टरनेटको पहुँच भएका सवै विद्यालयहरुमा ई-हाजरी जडान गरी हाजिरी अद्यावधिक गर्ने गरिएको ।
- ११ वटै वडा कार्यालयहरुको नागरिक वडा पत्र निर्माण गरिएको ।
- नगरपालिकामा हुने सम्पूर्ण गतिविधिहरुलाई Website मार्फत स्तहः प्रकाशन गर्ने गरेको ।
- प्रत्येक चौमासिक रुपमा सार्वजनिक सुनुवाई गर्ने गरेको ।

  समग्रमा सामाजिक, आर्थिक, पूर्वाधार, विपद व्यवस्थापन, शुसासन तथा संस्थागत विकास, लक्षित वर्गका लागि छुट्याइएको वजेट र शर्शत अनुदानमा प्राप्त रकम कार्यान्वयन भएको छ ।

**अध्यक्ष महोदय**

अव म आगामी आर्थिक वर्षको बजेट निर्माणका आधारहरु पेश गर्न चाहन्छु ।

- २०७२ मा जारी भएको नेपालको संविधान, संविधानमा उल्लेखित नीतिहरु,
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- अन्तरसरकारी वित्त व्यवस्थापन ऐन २०७४

- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४
- आवधिक नगर विकास योजना, २०७९-२०८४
- स्रोहौं आवधिक योजना (२०८१/८२-२०८५/८६)
- स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिगदर्शन २०७८
- संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको बजेट तर्जुमा सम्बन्धमा जारी गरेका निर्देशिका तथा निर्णयहरु

अब म आगामी आर्थिक वर्ष २०८३।०८४ को लागि योजना कार्यक्रम तथा बजेट तर्जूमा गर्दा अपनाइएका मुख्य मुख्य प्रक्रिया तथा विधिहरूको यहाँहरू समक्ष संक्षेपमा विवेचना गर्न चाहन्छु ।
नेपालको केन्द्रीकृत शासन व्यवस्थालाई संघीय शासन व्यवस्थामा रूपान्तरण गर्ने गरी नेपालको संविधान जारी भई लागू भएको हामीहरू सबैलाई विदितै छ । सोही शिलशिलामा सिंहदरबारको अधिकार स्थानीय सरकारहरूमा हस्तान्तरण भईरहेको विद्यमान अवस्था छ । स्थानीय सरकारहरूको गठन पश्चात आषाढ महिना १० गते भित्र स्थानीय सरकारहरूले आगामी आर्थिक वर्षका लागि नीति, योजना तथा कार्यक्रमरू आ-आफ्नो सभामा पेश गरी अषाढ मसान्त सम्म पारित गराउनु पर्ने कानूनी व्यवस्था रहेको छ ।

**आगामी आ.ब. को बजेट प्रक्षेपण**

आगामी आर्थिक वर्षका लागि वस्ती स्तरबाट योजना तथा कार्यक्रमहरू तयार भई वडा समितिहरूले ती योजना तथा कार्यक्रमहरूलाई प्राथमिकीकरण गरी बजेट तथा कार्यक्रम तर्जूमा समितिमा पठाउने व्यवस्था मिलाइएको छ । सो कार्य पूर्व नगरपालिकाले संघीय र प्रदेश सरकारबाट यस नगरपालिकालाई आगामी आ.व. को लागि सिलिङ उपलब्ध गराएको थियो । उप-प्रमुखको संयोजकत्वमा रहेको राजश्व परामर्श समितिबाट करका दरहरू सहित चालु आ.ब. का करका दरहरु समेत यथावत राखी आगामी आर्थिक वर्षका लागि आन्तरिक **आय रु. १ करोड १९ लाख ३४ हजार** प्रक्षेपण गरिएकोछ । श्रोत अनुमान समितिको आन्तरिक आय प्रक्षेपण तथा संघीय र प्रदेश सरकारबाट प्राप्त बजेटको दायरामा रही नगरपालिकाका प्रमुखको संयोजकत्वमा रहेको श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले आगामी आर्थिक वर्षका लागि **कूल बजेट रु. ६४ करोड ७९ लाख ६६ हजार रुपैया** निर्धारण गरेको छ । नगर कार्यपालिकामा बजेट निर्माणका लागि विभिन्न विषयगत समितिहरू तथा विषयगत/ क्षेत्रगत समिति हरूको गठन गरिएको छ । वडा स्तरबाट प्राथमिकीकरण गरि पठाएका योजनाहरूलाई कार्यपालिका अन्तर्गतका विभिन्न समितिमा छलफल गरी नगर कार्यपालिकाको बैठकबाट आगामी आर्थिक वर्षको लागि बजेट तर्जूमा गरी कार्यपालिकाको बैठकबाट स्वीकृत भई पारितका लागि आजको यस सभामा पेश गरिएको छ ।

- जस अन्तर्गत राजश्व बाँडफाड तर्फ : केन्द्र सरकारबाट रु ९ करोड ८२ लाख ३ हजार , प्रदेश सरकारबाट ३१ लाख ५९ हजार गरी जम्मा १० करोड १३ लाख ६२ हजार प्रस्तावित गरिएको छ
- नेपाल सरकार अनुदान तर्फ : वित्तिय समानिकरण अनुदान अन्तर्गत नेपाल सरकारबाट प्राप्त अनुदान रु १२ करोड ५४ लाख र प्रदेश सरकार बाट १ करोड २१ लाख ९९ हजार गरी जम्मा १३ करोड ७५ लाख ९९ हजार प्रस्तावित गरिएको छ ।

- सर्शत अनुदान तर्फ : नेपाल सरकारबाट प्राप्त २८ करोड ९९ लाख र प्रदेश सरकारबाट प्राप्त रु ६ करोड २४ लाख गरी जम्मा ३५ करोड २३ लाख रुपैया प्रस्तावित गरिएको छ ।
- समपुरक अनुदान तर्फ : नेपाल सरकारवाट रु १ करोड १९ लाख र प्रदेश सरकारवाट रु ५० लाख २१ हजार प्राप्त भइ जम्मा १ करोड ६९ लाख २१ हजार प्रस्तावित गरिएको छ ।
- विशेष अनुदान तर्फ : नेपाल सरकारवाट रु २ करोड ४८ लाख र प्रदेश सरकारबाट ३० लाख ५० हजार गरी जम्मा २ करोड ७८ लाख ५० हजार बजेट प्रस्तावित गरिएको छ ।
- नगरपालिका आन्तरिक आम्दानी तर्फ रु १ करोड १९ लाख ३४ हजार प्रस्तावित गरिएको छ

आदरणीय सभाअध्यक्ष महोदय,

अव म आर्थिक वर्ष २०८३।०८४ को विनियोजनको मुख्य मुख्य आयोजना तथा क्रियाकलापहरुमा विनियोजित बजेट प्रस्तुत गर्न चाहन्छु ।

- जयपृथ्वी नगरपालिकाको प्रशासकीय भवनको तला निर्माणको लागि रु १ करोड ६५ लाख २८ हजार ५ सय ५८ रकम विनियोजन गरेको छु ।
- वडा नं ३ को वडा कार्यालय भवन निर्माणको लागि रु ५५ लाख ४८ हजार ७ सय ९२ रकम विनियोजन गरेको छु ।
- वडा नं ८ को वडा कार्यालय भवन निर्माणको लागि रु ५६ लाख ७८ हजार ९ सय ५ रकम विनियोजन गरेको छु ।

त्यसै गरी सघीय सरकार प्रदेश सरकारबाट प्राप्त समपुरक र विशेष अनुदान सम्बन्धी विवरण प्रस्तुत गर्न चाहन्छु ।

- **सघीय समपुरक अनुदान तर्फः-**

- चैनपुर बजार सडक मर्मत तथा स्तरोन्नतीमा रकम रु १ करोड ७० लाख ५० हजार बजेट विनियोजन गरेको छु।
- जाख देखि पुगर सम्म (Land fill site) सडक स्तोरोन्तीमा रु १ करोड ४० लाख बजेट विनियोजन गरेको छु।

- **प्रदेश समपुरक तर्फः**

- टुनिरुख पैयातोला काप्रा जयपृथ्वीनगर सडक स्तरोन्ती जनपा ६ मा रु. ५१ लाख ४२ हजार बजेट विनियोजन भई यसै बर्ष कार्यान्वयनमा ल्याईनेछ ।
- पागरपानी सिंचाइ कुलो निर्माण मा रु ४९ लाख विनियोजन भई कार्यान्वयनमा ल्याई कार्यसम्पन्न गरिनेछ।

- **संघीय विशेष अनुदान तर्फः**

- जालमा मा.वि खेलमैदान निर्माण रकम रु १ करोड ३४ लाख ९३ हजार रकम विनियोजन गरेकोछु
- चैनपुर खानेपानी निर्माणमा रु १ करोड ५० लाख रकम विनियोजन भई यसै वर्ष निर्माण कार्य सुरु गरी सम्पन्न गरिनेछ ।

❖ **प्रदेश विशेषः**

- चुनापानी सिंचाइ कुलोमा रु ३० लाख ५० हजार रकम विनियोजन भई कार्यान्वयन यसै वर्ष गरिनेछ।

❖ प्रदेश शसर्त वित्तीय हस्तान्तरण:

विभिन्न योजनाहरुमा रु ६ करोड २४ लाख रकम विनियोजन गरिएको छ । आगामी आ.व.को पहिलो महिना देखिनै उक्त योजनाहरुको कार्यान्वयनका लागि आवश्यक व्यवस्था मिलाउनेछु।

अन्तमा,

नगरबासीका असिमित आकांक्षा तथा उपलब्ध सिमित श्रोतका बाबजुत पनि नगरवासीका आवश्यकताहरुको प्राथमिकरण गरी पालिकाको विकासमा उल्लेख्य योगदान हुने कार्यक्रममा वजेट विनियोजन गर्ने प्रयास गरेका छौं । साथै यस आर्थिक वर्षमा समेट्न नसकेका आयोजनाहरु आगामि आर्थिक बर्षको बजेटमा प्राथमिकताका साथ समेट्दै लगिने प्रतिबद्धता गर्दछु ।

**अध्यक्ष महोदय,**

अन्तमा यस १८ औं नगरसभामा बजेट तर्जुमाको दौरानमा अमुल्य सहयोग गर्नुहुने सम्पूर्ण टोल बासीहरु, वडा अध्यक्ष लगायत पदाधिकारी ज्यूहरु, विभिन्न समितिका सदस्य ज्यूहरु, विषय क्षेत्रगत समितिका सदस्य ज्यूहरु, कार्यपालिकाका पदाधिकारी ज्यूहरु र सम्पूर्ण कर्मचारीहरु, दातृ निकाय, नागरिक समाज, पत्रकार लगायत नीति कार्यक्रम तथा बजेट निर्माणमा मार्गदर्शन गर्नुहुने नगरप्रमुख ज्यूलाई हार्दिक धन्यवाद प्रकट गर्न चाहन्छु । साथै यो बजेट तथ कार्यक्रम कार्यान्वयनमा सहयोग र समन्वयको अपेक्षा गर्दै हाम्रो नगरपालिकाले आर्थिक समृद्धि हासिल गरी जनताको जीवनस्तरमा सकारात्मक परिवर्तन गरोस भन्ने अपेक्षा सहित आभार व्यक्त गर्दछु।

धन्यवाद!!!